# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, असोज ९ गते २०४२ साल ( अतिरिक्ताङ्क २८

## भाग २

श्री ५ को सरकार

कानुन तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## उखडासम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : उखडासम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "उखडासम्बन्धी (तेस्रो संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. उखडासम्बन्धी ऐन, २०२१ मा दफा ८क. थप: उखडासम्बन्धी ऐन, २०२१ को दफा ८ पछि देहायको दफा ८क. थपिएको छ :–

"८क. विशेष व्यवस्थाः (१) यो दफा प्रारम्भ हुनुभन्दा अगावै उखडा जग्गा दर्ता गर्ने सम्बन्धमा तोकिएको अदालतमा सम्बन्धित पक्षले म्याद तारेख गुजारी डिसमिस भएको वा नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेकोले खारेज भएको वा तामेलीमा रहेको वा एक पक्षले म्याद तारेख गुजारी अर्को पक्षको हकमा समेत खारेज भएको वा तामेलीमा रहेको मुद्दा पुनः जगाई कारबाही गराउन चाहने व्यक्तिले यो दफा प्रारम्भ भएको मितिले नब्बे दिनभित्र तोकिएको अदालतमा निवेदन दिएमा, तोकिएको अदालतले त्यसरी डिसमिस वा खारेज भएको वा तामेलीमा रहेको मुद्दा पुनः जगाई कारबाही र किनारा गर्न सक्नेछ ।

(२) कुनै जग्गाधनी वा किसानले दफा ५ को उपदफा (१) बमोजिमको विवरण म्यादभित्र पेश नगरेको कारणबाट उखडा जग्गा दर्ता हुन नसकेकोमा तोकिएको अदालतले म्याद तोकी सो म्यादभित्र दफा ५ को उपदफा (१) बमोजिमको विवरण प्राप्त हुन आएमा सो विवरणको आधारमा समेत तोकिएको अदालतले उखडा जग्गा दर्ता गर्ने सम्बन्धी कारबाही गर्न सक्नेछ ।

(३) यो दफा प्रारम्भ हुनुभन्दा अगावै तोकिएको अदालतले उखडा जग्गा दर्ता गर्ने सम्बन्धमा गरेको फैसलाउपर यो दफा प्रारम्भ भएको मितिले नब्बे दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।"

लालमोहर सदर मिति :– २०४२।६।६।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५२